# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं


पत्र संख्याः .............
च.नं.: .................

त्रिभुवन विश्वविद्यालय नेपाल ल क्याम्पस

मितिः- २०८०/०४/३०

## अनुसन्धानात्मक लेख आह्वान सम्बन्धी सूचना

नेपालमा कानूनी शिक्षाको मातृ शिक्षण संस्थाको रुपमा रहेको यस क्याम्पसले कानून सम्बन्धी अनुसन्धानात्मक, विश्लेषणात्मक तथा समीक्षात्मक लेखहरुको संग्रहको रुपमा **नेपाल कानून परिचर्चा** नियमित रुपमा प्रकाशन गर्दै आएको व्यहोरा जानकारी गराउँदै यस वर्ष प्रकाशन गरिने **नेपाल कानून परिचर्चा, अङ्क ५** को लागि अनुसन्धानात्मक लेख आह्वान गरिएको छ । तपसिल बमोजिमका मापदण्डभित्र नरहेका लेख प्रकाशनका लागि स्वीकार्य हुने छैन ।

**तपसिल**

१. लेख कानूनका विविध क्षेत्रसँग सम्बन्धित स्तरीय, अनुसन्धानात्मक, विश्लेषणात्मक, समीक्षात्मक तथा मौलिक हुनु पर्नेछ ।

२. लेखकले आफ्नो शैक्षिक योग्यता, पद, ठेगाना, मोवाइल नं. र इमेलसमेत पठाउनु पर्नेछ ।

३. लेख तयार गर्दा A4 साइजमा Preeti फन्टमा 16" साइजमा टाइप गरी विद्युतीय प्रति (Electronic Copy) इमेल मार्फत् पठाउनु पर्नेछ ।

४. लेख कम्तीमा ३५०० र बढीमा ५००० शब्द (पाद टिप्पणी बाहेक) मा लेखिएको हुनु पर्नेछ । ५००० भन्दा बढी शब्द भएको लेख स्वीकार हुने छैन ।

५. प्रकाशनका लागि प्राप्त लेख **बौद्धिक चोरी (भावहरण) नगरिएको** हुनुपर्ने छ ।

६. प्रकाशनका लागि प्राप्त लेखहरु **समकक्षी पुनरावलोकन (Peer Review)** मा स्वीकृत भएपछि मात्र प्रकाशन गरिने छ ।

७. यस क्याम्पसमा प्रकाशनार्थ पठाइएको सामग्री अन्यत्र प्रकाशित नभएको हुनु पर्नेछ र प्रकाशनार्थ पठाइएको सामग्री लेखकले अन्यत्र प्रकाशन गर्नका लागि पठाउन पाइने छैन ।

८. कुनै लेख वा प्रकाशनार्थ प्राप्त सामग्री प्रकाशित गर्ने वा नगर्ने तथा त्यस्ता सामग्री सम्पादन गर्ने सिलसिलामा त्यसको कुनै अंश हटाउने तथा भाषा संशोधन गर्ने अधिकार सम्पादक मण्डललाई हुनेछ ।

९. लेख **मिति २०८०/०७/२४ गतेभित्रमा** क्याम्पसको इमेल nkp@nlc.edu.np मा पठाइसक्नु पर्नेछ । तोकिएको मिति पश्चात् प्राप्त भएका लेखहरु स्वीकार गरिने छैन ।

.............................
डा. डी.एन. पराजुली
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख


फोन : ९७७-०१-४२२५३५८, ०१-४२६८५७८, फ्याक्सः ९७७-०१-४२३२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np